सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)

अध्यक्ष – ९८०७९२८५५५
उपाध्यक्ष - ९८५२६८११७१
प्र.प्र.अ. – ९८५२६६०१५३

साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

सूचना नं. ०२- ०७८/०७९

मितिः २०७८/०४/०३

## बिषयः सामाजिक सुरक्षा नविकरण सम्बन्धमा।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ बमोजिम यस गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुको आ.व. २०७८/२०७९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले देहाय बमोजिमको कागजात सहित सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको फारम / ढाँचामा निवेदन दिई २०७८ श्रावण मसान्त भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचय पत्र नविकरण गर्नु / गराउनुहुन अनुरोध छ। नविकरण नगराएमा आ.व. २०७८/०७९ को सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नसकिने व्यहोरा समेत संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**परिचय पत्र नविकरण गर्न आउँदा ल्याउनु पर्ने कागजातहरुः**

१. सबै लाभग्राहीको हकमा १ प्रति पासपोर्ट साइजको फोटो (बालबालिका बाहेक)
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि
४. ६० बर्ष भन्दा माथिको एकल महिलाको हकमा वडा कार्यालय मार्फत अविवाहित प्रमाणीकरणको सिफारिस पत्र र सम्बन्ध विच्छेद भएकाको हकमा सम्बन्ध बिच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि
५. ६० बर्ष भन्दा माथि विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि
६. पुर्ण अपाङ्गता भएको व्यक्तिको हकमा प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि

**<u>पुनश्चः</u>** लाभग्राही आफै उपस्थित भई नविकरण गर्नुपर्नेछ।

सुमन लिङ्देन लिम्बु
प्रमुख प्रशासकीय अधिकृत